**बैठक संख्या : ५९**

आज मिति २०७६/१०/२६ गते ......... बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री बिमल राज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य आमन्त्रित :**

| | | | |
|---|---|---|---|
| २४ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक विकास सल्लाहकार | |
| २४ | श्री शिवेन्द्र कुमार पासी | सू.प्र.अ. | |
| २५ | श्री विजय राज वाग्ले | अधिकृत | |

**बैठकका प्रस्तावहरु :**

१. छैटौं नगर सभामा पेश गर्ने योजना सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

कपिलवस्तु नगरपालिका वडा नं. ४ को चालु आ.ब. ०७६/०७७ का तपसिल बमोजिमका योजनाहरु संशोधनका लागी आगामी नगर सभामा पेस गर्ने निर्णय गरियो ।

वडा नं. ४ को चालु आ.ब.०७६/०७७ को कृषि सिंचाई मोटर जडान तथा पाईपको लागी विनियोजन भएको रु.पाँच लाखको योजना परिवर्तन गरी सानो पटखहवा गाउँको मुल सडक पि.सि.सि.निर्माण गर्ने योजना नगर सभाबाट पारितका लागी आगामी सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

कपिलवस्तु नगरपालिका वडा नं. १० को चालु आ.ब. ०७६/०७७ का तपसिल बमोजिमका योजनाहरु संशोधनका लागी आगामी नगर सभामा पेस गर्ने निर्णय गरियो ।

१. वडा नं. १० को चालु आ.ब. ०७६/०७७ को विपद व्यवस्थापनको लागी विनियोजन गरिएको रकम रु. एकलाख पचास हजार मध्ये क.व.न.पा. १० विर्ता टोल हुदै क.व.न.पा. ९ को सिमाना जोड्ने सडक खण्डको लागी रु. एक लाख विनियोजन गर्ने ।

२. वडा नं. १० को खोप केन्द्र व्यवस्थापन पचेहराको लागी चालु आ.ब. ०७६/०७७ मा विनियोजन गरिएको रु. एकलाख क.व.न.पा. १० विर्ता टोल हुदै क.व.न.पा. ९ को सिमाना जोड्ने सडक खण्ड निर्माणको लागी थप गर्ने ।

**निर्णय नं. ३**

कपिलवस्तु नगरपालिका वडा नं. ९ को चालु आ.ब. ०७६/०७७ का तपसिल बमोजिमका योजनाहरु संशोधनका लागी आगामी नगर सभामा पेस गर्ने निर्णय गरियो ।

१. वडा नं. ९ को चालु आ.ब. ०७६/०७७ को हेण्डपाईप खरिद मा विनियोजन भएको रु.तीनलाख मध्ये एकलाख पचास हजार पोल, बिजुली र बत्तीमा विनियोजन गर्ने ।

२. वडा नं. ९ को चालु आ.ब. ०७६/०७७ को फलफूल विरुवा खरिदमा विनियोजन भएको रु. एकलाख पचास हजार मध्ये फलफूल विरुवा खरिदमा पचहत्तर हजार र चरी बिउ खरिद एवम् वितरणमा रु. पचहत्तर हजार विनियोजन गर्ने ।

३. वडा नं. ९ को चालु आ.ब. ०७६/०७७ को पर्यटन प्रबर्द्धन शिर्षकमा विनियोजन भएको रु. दुईलाख पचास हजार मध्ये तीस हजार सिमसार दिवसमा खाजा, नास्ता एवम् पानीमा खर्च गर्ने र बाँकी पर्यटन प्रबर्द्धनमा नै खर्च गर्ने ।

**निर्णय नं. ४**

कपिलवस्तु नगरपालिका वडा नं. १२ को चालु आ.ब. ०७६/०७७ का तपसिल बमोजिमका योजनाहरु संशोधनका लागी आगामी नगर सभामा पेस गर्ने निर्णय गरियो ।

१. वडा नं. १२ को चालु आ.ब. ०७६/०७७ को पूर्वाधार तर्फको सि.नं. ७ को नाली निर्माणमा विनियोजन भएको रकम सडक पि.सि.सि.मा खर्च गर्ने ।

२. वडा नं. १२ को चालु आ.व. ०७६/०७७ को पूर्वाधार तर्फको सि.न. ८ बाटो तथा नाली पि.सि.सि. योजना संशोधन गरि कालिका जन मा.वि. सौराहामा रहेका निर्माणाधिन सरस्वती मन्दिरमा २ लाख तथा युक्तेश्वर महादेव मन्दिर निर्माणका लागि रु. २ लाख विनियोजन गर्ने ।

३. वडा नं. १२ को चालु आ.ब. ०७६/०७७ को सामाजिक विकास तर्फ सि.नं. १० मा रहेको बालमैत्री सम्बन्धी कार्यक्रम संशोधन गरी वडा कार्यालयका पदाधिकारी, कर्मचारी, वडाका महिला स्वास्थ्य स्वयंसेबिका, सामुदायिक विद्यालयका प्र.अ. तथा जेहन्दार विद्यार्थी सहित ४० जनाको टोलीको भ्रमण अनुगमनमा विनियोजन गर्ने ।

४. वडा नं. १२ को चालु आ.ब. ०७६/०७७ को पूर्वाधार तर्फको सि.नं. १ को सडक पि.सि.सि.मा विनियोजन भएको बजेटबाट हिमांचल पासीको घर देखि गिरीजेश पाण्डेयको दिवालसम्म सडक दायाँ पट्टी पक्की नाली निर्माण गर्ने ।

५. वडा नं. १२ को चालु आ.ब. ०७६/०७७ को पूर्वाधार तर्फको सि.नं. ८ बाटो तथा नाली पि.पि.सि.योजना संशोधन गरी कालिका जन मा.वि.सौराहामा रहेको निर्माणाधिन सरस्वती मन्दिरमा दुईलाख तथा पिपरहवामा रहेको शिव मन्दिर व्यवस्थापन समितिलाई धार्मिक तथा सांस्कृतिक संस्था सहायताको लागि रु. दुई लाख व्यवस्था गर्ने ।

६. वडा नं. १२ को चालु आ.ब. ०७६/०७७ को पूर्वाधार तर्फको सि.नं. १२ को अधुरो मुल सडक स्कूल सम्म आर.सि.सि.लाई संशोधन गरी अधूरो मुल सडक स्कूल सम्म माटो पटान, ग्रेभल तथा ह्यूम पाईप जडान गर्ने ।

७. वडा नं. १२ को चालु आ.ब. ०७६/०७७ को पूर्वाधार तर्फको सि.नं. १७ को भवन मापडण्ड सम्बन्धि सचेतना मुलक कार्यक्रम तथा तथ्याँक संकलनको लागि विनियोजित रकम छैठौं नगरसभाबाट परिवर्तन गरि पिपरहवामा रहेको शिव मन्दिर व्यवस्थापन समितिलाई धार्मिक तथा संस्कृतिक संस्था सहायताको लागि अनुदान गर्ने ।

८. वडा नं. १२ को चालु आ.ब. ०७६/०७७ को सामाजिक विकास तर्फ सि.नं. ९, बौध जागरण कार्यक्रममा विनियोजित रकम छैठौं नगरसभाबाट उक्त योजना परिवर्तन गरि दलित विपन्नहरुमा सचेतना मुलक कार्यक्रम र भोज तथा अन्य कार्यक्रमको लागि भाडा बर्तन खरिदमा विनियोजन गर्ने ।

९. वडा नं. १२ को चालु आ.ब. ०७६/०७७ को पूर्वाधार तर्फको सि.नं. ३ मा रहेको योजनाको रकम प्राविधिक स्टिमेट अनुसार कार्यक्रम भन्दा बढी भएकोले सोही रकममा क.व.न.पा. १२ अकबरपुरको बन्धा देखि मस्जिद सम्म सडक पि.सि.सि. ढलान कार्यमा विनियोजन गर्ने ।

**निर्णय नं. ५**

कपिलवस्तु नगरपालिका वडा नं. १२ मा रहेको सौराहा स्वास्थ्य चौकीको आफ्नै कार्यालय भवन नभएकोले हालसम्म वडा कार्यालयको भवनमा संचालन हुँदै आएकोमा मिति २०७६/१०/१७ गतेको वडा समितिको बैठकबाट वडाको सिमानामा रहेको क.व.न.पा. ४ मा पर्ने साबिक पिपरी ६ ख कि.नं. ७३१ क्षे.फ.०–१८–५ जग्गामा निर्माण गर्न उपयुक्त देखिएकोले ४ नं. वडा कार्यालय संग सहमति लिइ स्वास्थ्य सेवा विभाग संग समन्वय गरि सौराहा स्वास्थ्य चौकीको आफ्नै भवन निर्माणको लागी माग गर्न सर्व सहमतिबाट निर्णय भै आएको हुदा सोही बमोजिम सौराहा स्वास्थ्य चौकीको आफ्नै भवन निर्माणको लागी सम्बन्धित निकायमा अनुरोध गर्न आगामी नगर सभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

कपिलवस्तु नगरपालिका वडा नं. ७ को चालु आ.ब. ०७६/०७७ का तपसिल बमोजिमका योजनाहरु संशोधनका लागी आगामी नगर सभामा पेस गर्ने निर्णय गरियो ।

१) कपिलवस्तु नगरपालिका वडा नं. ७ को लागी चालु आ.ब. ०७६/०७७ को भौतिक पूर्वाधार शिर्षकमा रहेको सि.नं. १० को मदरसा मर्मतको रु. एकलाख, सि.नं. ११ को पूर्व वरगदवा गाउँको पि.सि.सि.ढलानको पाँचलाख, सि.नं. १३ को मूल सडक देखि हरिचन्द्र शुक्लको घर सम्म पि.सि.सि. ढलान चारलाख समेतका योजनाको रकम जम्मा रु. दशलाख रामजानकी मन्दिरमा लगाउने ।

२) कपिलवस्तु नगरपालिका वडा नं. ७ को लागी चालु आ.ब. ०७६/०७७ को भौतिक पूर्वाधार शिर्षकमा रहेको सि.नं. १५ को पिछडिएका बर्गको लागी हेण्डपाईप उपलब्ध गराउन विनियोजन गरिएको पाँचलाख रुपैयाबाट गरिब किसानलाई पम्पसेट खरिद गरि वितरण गर्ने ।

३) कपिलवस्तु नगरपालिका वडा नं. ७ को लागी चालु आ.ब. ०७६/०७७ को सामाजिक विकास शिर्षकमा रहेको सि.नं. ७ को स्वास्थ्य बालबालिका हेरचाह सरसफाई तालिमको योजना परिवर्तन गरी गरीव किसानहरुलाई डेलिभरी पाईप खरिद गरी वितरण गर्ने ।

४)	वडा नं. ७ को जनता आधारभूत विद्यालय हरिहरपुरमा पर्खाल निर्माणको लागी विनियोजित रकम तीन लाखबाट उक्त विद्यालयको पर्खाल निर्माणको लागी जग्गा नभएको हुदा सो योजना परिवर्तन गरी सो रकमबाट धरमपनिया स्वास्थ्य चौकीमा पर्खाल निर्माण गर्ने ।

**निर्णय नं. ७**

यशोधरा गाउँपालिका वडा नं. ५ रामनगरमा रहेको विष्णु लक्ष्मी मन्दिर प्रबन्ध समितिको माग बमोजिम उक्त मन्दिरको लागी एक थान लाउड स्पिकर खरिद गर्नको लागी रु. १५ हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

कपिलवस्तु नगरपालिका वडा नं. ११ मा रहेको सितलाबक्स मा.वि. रेहराको कम्पाउण्डवाल निर्माणका लागी रु. पाँच लाखको लागत स्टिमेट र वडाको सिफारीस सहित माग गरि आएकोमा सो को लागी रु. ५ लाख नगरपालिकाबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

कपिलवस्तु नगरपालिका वडा नं. ११ मा रहेको सितलाबक्स मा.वि. रेहराको कक्षा कोठा मर्मत तथा नयाँ छत ढलानको लागी रु. ६ (छ लाख) को लागत स्टिमेट र वडाको सिफारीस सहित माग गरि आएकोमा सो को लागी रु. ६ लाख नगरपालिकाबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

कपिलवस्तु नगरपालिकाको आन्तरिक लेखा परिक्षण गर्नको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय कपिलवस्तुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

कपिलवस्तु नगरपालिकमा स्थापना हुने तथा स्थापना भई रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी चुस्त दुरुस्त गुणस्तरीय शिक्षा विकास गर्न वाञ्छनीय भएकोले कपिलवस्तु नगरपालिकाको लागि शिक्षा विधेयक, २०७६ लाई कार्यपालिकाबाट पारित गरि अनुमोदन तथा स्वीकृतका लागी छैठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

वडा नं. ११ आ.व. २०७६/७७ को संस्था तथा सुशासन बिकास समितिको आयोजना अन्तरगत क्र.सं. १ को सडक बत्ती शिर्षकको रु. १ लाख मर्मत सम्भार कोषमा थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

कपिलवस्तु नगरपालिका कार्यालयको मिति २०७६/१०/२० गतेको टिप्पणी कार्यपालिकामा निर्णायार्थ पेश हुँदा ठे.नं. KM/IR/076/077-7 को रामघाट नाकाको लागि कबोल गरेको दोस्रो र तेस्रो बोलपत्र दाताहरुको कबोल रकम बीच ठूलो भिन्नता रु. ४६,३२,८७४।४५ रहेकोले पुनः सूचना गरी ठेक्का बन्दोबस्त गर्नको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

वडा नं. ६ को चालु आ.ब. ०७६/०७७ मा बन वातावरण तथा विपद व्यवस्थापन समितिको क्र.सं. ३ मा दाउरा वितरणका लागि विनियोजित रकम रु. ५० हजारको योजना परिवर्तन गरि सोही ५० हजारबाट अपाङ्गता भएका व्यक्तिहरुलाई जनचेतना मूलक कार्यक्रम सञ्चालन कार्यमा विनियोजन गर्ने निर्णय गरियो साथै उक्त योजना परिवर्तनको लागि छैठौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

वडा नं. ९ को भौतिक पूर्वाधार विकास तर्फ सि.नं. २५ को सडक पोल र तार शिर्षकमा विनियोजित रकम लाई सडक बत्ती समेतमा खर्च गर्ने निर्णय गरियो साथै उक्त योजना संशोधनको लागि नगर सभामा पेश गर्ने ।

**निर्णय नं. १६**

प्रदेश नं. ५ उद्योग पर्यटन बन तथा बातावरण मन्त्रालयको वार्षिक कार्यक्रम अनुसार वडा नं. ५ को गोटिहवाको कोटिग्राम मा.वि.मा कक छन्द बुद्धको (मूर्ति) स्थापना तथा बगैचा (पार्क) निर्माण गर्न बजेट विनियोजन भएकोले उक्त योजनाको लागि कोटिग्राम मा.वि. गोटिहवा अन्तरगत पोखरीको दक्षिण र पश्चिम किनारामा जग्गा उपलब्ध गराउने गरि वडाबाट निर्णय भइ आएको हुदा नगरपालिकाबाट सिफारिसका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

**क)** क.व.न.पा. वडा नं. २ को आ.व. ०७६/०७७ को वार्षिक कार्यक्रमको भौतिक पूर्वाधार विकास तर्फको शिर्षक नं. ९ को आकश्मिक मरम्मत सम्भार कोषबाट सडक बत्तीको लागि १ लाख ७० हजार, माछा पोखरी भएका कृषकहरुलाई माछा भुरा वितरण गर्न रु. ३० हजार विनियोजन गर्ने ।

**ख)** क.व.न.पा. वडा नं. २ को आ.व. ०७६/०७७ को वार्षिक कार्यक्रमको भौतिक पूर्वाधार विकास तर्फको वर्दहवा चौक खुनुवा जाने मुल सडक अन्तरगत सतह ढल व्यवस्थापन र वडा नं. २ सब्बीर जोल्लाहाको घर देखि रविन्द्र मुराउको घर सम्म सतह ढल व्यवस्थापनमा विनियोजित रकम रु. २० लाख मध्ये १० लाख सोही कार्यक्रममा खर्च गर्ने र बाकी १० लाखबाट वर्दहवा गाउँमा पक्की नाली निर्माणमा विनियोजन गर्ने निर्णय गरियो । साथै उक्त योजना परिवर्तनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

क.व.न.पा. ८ को आ.व. ०७६/७७ मा विपद व्यवस्थापन तर्फ विनियोजित रकम रु. १ लाख लाई अपांङ्ग सामाग्री तथा तालिममा विनियोजन गर्ने र सुशासन तथा संस्थागत तर्फ विनियोजित रकम रु. ४ लाख मध्येबाट रु. २ लाख ५० हजार पम्पसेट र डेलिभरी पाइप खरिद गर्ने तथा सामाजिक विकास तर्फ अन्य सिप मुलक तालिम कार्यक्रममा विनियोजित रकम रु. १ लाखलाई श्रद्धा कृषक समूह दोहनी १ लाई कृषि सामाग्री तथा कृषि तालिम गराउनेमा विनियोजन गर्ने साथै माथिका सम्पूर्ण योजनाहरुलाई संशोधनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

क.व.न.पा. वडा नं. ६ स्थित गोबरी गाउँमा शहरी विकास कार्यालयले गरेको सडक कालोपत्रे देखि उत्तर तर्फ तिलौराकोट मा.वि. को पश्चिम तर्फको बाटो हुदै तिलौराकोट स्वास्थ्य चौकी हुदै नहर सम्मको सडक कालो पत्रे गर्न रु. १० लाख विनियोजनको लागि नगर सभामा स्वीकृतको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

कर्मचारीलाई उच्च मनोवलका साथ कामकाज गर्न, दैनिक प्रशासनिक लगायतका कार्यहरु चुस्त दुरुस्त र समयमै कार्य सम्पादन गर्न कार्यालय समय पछि समेत जनताको आवश्यकतालाई मध्य नजर गरी कामकाज सम्पादन गर्न,सेवा प्रवाहलाई चुस्त दुरुस्त वनाउन तथा कर्मचारीलाई स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म अनुरुप स्थानीय सरकार प्रति अपनत्वको भावना श्रृजना गराउने उद्वेश्यले **प्रोत्साहन भत्ता कार्यविधि २०७६** पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

कपिलवस्तु नगरपालिकाको कार्यालय तथा वडा कार्यालयमा करार सेवामा कार्यरत कार्यालय सहयोगीहरुले साविकमा खाई आएको पारिश्रमिक रु. १२ हजार ५ सयमा रु. १ हजार थप गरि रु. १३ हजार ५ सय कायम गर्ने, वडाहरुमा कार्यरत सामाजिक परिचालक तथा कार्यालय सहायकले साविकमा खाइपाइ आएको पारिश्रमिक रु. १२ हजारमा रु. २ हजार थप गरि रु. १४ हजार पारिश्रमिक कायम गर्ने तथा थप भएको पारिश्रमिक रकम २०७६ श्रावण १ गते देखि लागू हुने गरी उपलब्ध गराउने र बाकी करार सेवाका कर्मचारीका हकमा सम्झौतामा उल्लेखित सर्त बमोजिम हुने र गत वर्ष खाइपाइआएका कर्मचारीको हकमा निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २२**

क.व.न.पा. वडा नं. १ को तपशिलका योजना परिवर्तनका लागि छैठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

क) क.व.न.पा. वडा नं. १ को वडा स्तरीय फुटबल र क्रिकेट प्रतियोगिताको लागि बिनियोजित रकम रु. १ लाख मध्ये रु. ५० हजार सिलाईकटाई तालिमको लागि थप गर्ने ।

ख) सोलार बत्ती जडानको लागि छुट्टाइएको रकम रु. ८ लाख वडा नं. १ को भिक्षु चौक र कृषि विकास बैक अगाडी सोलार डिजिटल प्रतिक्षालय निर्माणको लागि बिनियोजन गर्ने ।

ग) सरसफाई कार्यक्रममा छुट्टाइएको रकम रु. ३ लाख मध्ये रु. १ लाख मोटर ड्राइभिङ्ग तालिम कार्यक्रममा थप गर्ने ।

**निर्णय नं. २३**

क.व.न.पा. ११ स्थित नरायणापुर, आरौराकोट नजिक रहेको पूर्वमा कुलो पश्चिम कि.न. २२३ उत्तर कुलो र दक्षिण पिच बाटो यति चार किल्ला भित्र रहेको साविक गा.वि.स. रेहरा १ ख कि.न. २२४ को क्षेत्रफल २-९-७ भएको ८ नं. यैलानी जग्गामा प्रदेश सरकार प्रदेश नं. ५ उद्योग पर्यटन तथा बातावरण मन्त्रालय बुटवलबाट सो जग्गाको विचमा कनकमुनी बुद्धको प्रतिमा स्थापना गरि पार्क निर्माण गर्नका लागि वडा समितिको बैठकबाट निर्णय भई आएको हुदा सो जग्गामा कनकमुनी बुद्धको प्रतिमा स्थापना गरि बगैचा सहितको पार्क निर्माण गर्न सम्बन्ति निकायमा अनुरोध गर्न स्वीकृतको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

कपिलवस्तु नगरपालिकाको छैठौं नगरसभामा प्रस्तुति नगर कार्यपालिकाको सदस्य सचिव तथा प्रमुख प्रशासकीय अधिकृत श्री बिमलराज आचार्य द्धारा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

छैठौं नगरसभा सम्पन्न गर्नका लागि बिहान र बेलुकाको समयमा अतरिक्त कार्य गरेका तपशिलका कर्मचारीहरुलाई १५ दिनको तलब बराबर अतरिक्त सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

१) प्रमुख प्रशासकीय अधिकृत श्री विमल राज आचार्य
२) लेखा अधिकृत श्री बलराम न्यौपाने
३) सू.प्र.अ. श्री शिवेन्द्र कुमार पासी
४) अधिकृत श्री विजय राज वाग्ले
५) सहायक श्री नारायण रेग्मी

**निर्णय नं. २६**

कपिलवस्तु नगरपालिकाको तपशिल बमोजिमका विद्यालयहरुको २ कोठे भवन निर्माणका लागि प्रप्त सशर्त अनुदान रकम अपुग हुने हुदा तत्काल नगरपालिकाले नपुग रकम उपलब्ध गराई निर्माण कार्य सम्पन्न गराई नगरपालिकाले निर्माण कार्यमा थप गरेको रकमको सोध भर्नाको लागि शिक्षा विज्ञान तथा प्राविधि मन्त्रालयमा माग गर्ने सथै नगर सभाबाट अनुमोदन गरि पारित गर्न छैठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

नगरपालिकाको वडाहरुमा हैण्डपाइपको विनियोजित रकम रु. ५ लाख सम्मको कार्य कोटेशनबाट संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

क.व.न.पा. वडा नं. ११ नरैनापुर (अरौरा) मा दर्ता भई सञ्चालनमा रहेको मदरसा नुरुल कुरान अहले सुन्नतको भवनको बाउन्ड्री वाल र झ्याल ढोका तथा फर्निचर निर्माणका लागि रु. १ लाख नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २९**

क.व.न.पा. १ को तौलेश्वरनाथ संस्कृत मा.वि. तौलिहवाको अगाडी देखि मस्जिद टोल सम्म जाने पक्की सडक मरम्मतमा रु. ५ लाख नगरपालिकाबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

कपिलवस्तु नगरपालिकाको कृषि विकास बैंक तौलिहवाको अगाडी कपिलवस्तु नगरपालिकाको धार्मिक तथा पर्यटकीय स्थलहरुको जानकारी समेतको डिजिटल डिसप्ले बोर्ड स्थापना गर्नको लागि वडाबाट रु. ५ लाख र नगरपालिकाबाट रु. ६ लाख जम्मा रकम रु. ११ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

यस नगरपालिकाको कानूनी सल्लाहकार श्री हुम बहादुर कुवर ज्यूले यस नगरपालिकाबाट कानूनी सहायता गरे बापत खाइपाइ आएको वार्षिक सुविधामा रु. १५ हजार थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

नगर सम्बोधन कार्यक्रम, आर्थिक सहायता र काजक्रिया खर्च रकम नगर प्रमुखको अदेशानुसार खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

कपिलवस्तु नगरपालिकाबाट संचालित योजनाहरु पूर्वाधार विकास शाखा प्रमुख ई. श्री चण्डी प्रसाद देव मार्फत नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४**

यस नगरपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री बिमलराज आचार्य ज्यू सरुवा भई जान लाग्नु भएकोमा मिति २०७६ माघ २७ गतेको छैठौं नगरसभाबाट उहाँले कार्यालय प्रति पुऱ्याउनु भएको अमुल्य योगदानको प्रशंसा सहित स-सम्मान विदाई गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**

कपिलवस्तु नगरपालिकाको राजस्व तथा व्ययको संशोधित विनियोजन ऐन २०७६ लाई अनुमोदन तथा स्वीकृतिका लागि छैठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६**

आ.व. ०७५/०७६ मा महालेखा परिक्षकको कार्यालयबाट यस कार्यालयको नाममा कायम भएको लगत नियमित गरी समपरिक्षणको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७**

क.व.न.पा. वडा नं. ९ को जर्लैहियाको तिरलोकी केवटको छोरा १४ वर्षको पवन कुमार केवट आकस्मिक विरामी भएको कारण वडाको विपद व्यवस्थापन कोषबाट रु. ५ हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**

आ.व ०७६।०७७ पाचौ नगर परिषदबाट पारित भएका तपशिलका कार्यक्रमहरु संशोधनका लागि छैठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**१. भैपरि आउने खर्च रु. ३ लाख।**

**२. मरम्मत संभार कोष रु. १ लाख ६० हजार ।**

परिवर्तन गर्नुपर्ने कार्यक्रम:

१ बालगृहमा रहेका अनाथ बालबालिकाको व्यवस्थापन अनुदान रु.५० हजार।
२ बिशोरी तथा महिला हरुका लागि सेनेटरी प्याडको तालिम रु. १ लाख ।
३. सामुदायिक रेडियो कपिलबस्तुको लागि वडाको प्रचार प्रसार खर्च रु. २५ हजार ।
४.बैदेशिक रोजगार सम्बन्धी प्रशिक्षण कार्यक्रम रु.५० हजार।
५. महिलाहरुका लागि नेतृत्व विकास तालिम रु. ५० हजार ।
६ कृषकहरुका लागि विउ विजन वितरण कार्यक्रम रु.८५ हजार।
७. ब्यूटि पार्लर तालिम रु.२५ हजार।
८. युवाहरुलाई खेल सामाग्री खरिद रु.२५ हजार ।
९. फोहोरमैला व्यवस्थापन अभियान रु.५० हजार,।

**३. हेम्प पाइप जडान रु. ३ लाख।**

संशोधन गर्नुपने दलित मुस्लिम जनजाति मधेशीका लागि खानेपानी व्यवस्थापन रु.३ लाख।

**४ दैवी प्रकोप तथा विपत व्यवस्थापन खर्च रु.१ लाख ५० हजार ।**

**५. वृक्षारोपण तथा तारवार रु.५० हजार ।**

उपरोक्त सि.नं ४ र ५ मा उल्लेख भएको रकमको कार्यक्रम संशेधन गरि यस वडा भित्र रहेका विधवा तथा जेष्ठ नागरिकका लागि झुल खरिद गरि वितरण गर्ने रु. २ लाख ।